सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



सिद्धार्थ शिशुलाई टी-२० क्रिकेट उपाधि । पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ९८ ♦ २०८० साल पुस ८ गते आइतवार ♦ 24 Dec 2023♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## अयोध्याको राममन्दिरमा जनकपुरधामबाट भार पठाउने तयारी

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, महेन्द्रनगर**



भारतको अयोध्यमा भगवान रामको नवनीर्मित मन्दिरमा प्राण प्रतिष्ठाको अवसर पारेर जनकपुर धामबाट भार पठाउने तयारी गरिएको छ ।

जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाईमा जनकपुर धाम अयोध्या भार यात्राको माध्यमले भार पठाइने जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए । जनकपुर धामबाट जाने भार जनवरी ६ तारिखका दिन अयोध्या पुर्याइने छ । भारमा विभिन्न प्रकार कपडाका साथै विभिन्न मिठाई तथा पकवान रहने उत्तराधिकारी महन्थ दासले

*बाँकी पृष्ठ २ मा*

## पूर्वपश्चिम ब्रोडगेज रेल मार्गको कामले गति लियो

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, बर्दिवास**



मुआब्जालगायतका विवादले केही समय सुस्ताएको पूर्वपश्चिम ब्रोडगेज रेल मार्गको कामले गति लिएको छ । विवाद समाधानपछि बर्दीबासमा अहिले दुई चरणको रेल मार्ग निर्माणाधीन छन् । बर्दीबास-निजगढ ७० किमी र बिजलपुरा बर्दीबास १७ किमी रेल मार्गको काम द्रुत गतिमा भइ रहेको छ । बर्दीबास-निजगढ खण्डका इन्जिनियर सुरेश साहका अनुसार यो खण्डमा अहिले बर्दीबासदेखि रौतहटको सन्तपुर सम्म धमाधम काम भइरहेको छ। यस खण्डमा पर्ने १६ वटा प्रमुख नदीमा रेलवे पुल निर्माणको काम करिव सम्पन्न भइसकेको छ भने एक सय जति साना पुल र कल्भर्टको काम पनि पुरा भएको छ। ट्र्याक बेस फिलिङ कार्यसमेत युद्धस्तरमा भइरहेको उहाँले बताउनुभयो।

"मुआब्जा समस्या समाधानमै सात वर्ष लागेकाले काम गर्न ढिला भए पनि अहिले निर्माण कार्यले गति लिन थालेको छ," इन्जिनियर साहले भन्नुभयो। सरकारले चालु आर्थिक वर्षका लागि यस खण्डमा ८० करोड रुपैयाँ बजेट विनियोजन

*बाँकी पृष्ठ २ मा*

## अनि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री बस्नेत रातु नदी पुगे

**बिशाल बस्नेत**

**पुस ७ गते, बर्दिवास**





उर्जा,जलस्रोत तथा सिंचाई मन्त्री शक्ति वस्नेत शनिवार रौतहट जाने भनेपछी बर्दिवासका स्थानियहरु वाटो छेकेर वसे । यही लाइनमा हातमा लामो ज्ञापन पत्र बोकेर बसेका थिए नेपाली काङ्ग्रेसका नेता चिरञ्जीवी हमाल पनि । जव फूलमाला लगाएर बर्दिवास स्थित विनायक होटलको बैठक हलमा पुगेर राजनिती दलका प्रतिनिधिहरुले रातु नदिको अवैध उत्खनन्को विषयमा सुनाए तव बस्नेत अनुगमनको लागी उत्खनन् स्थलमा पुग्न तयार वने ।

अनि गाडी मोडियो वडा न.९ स्थित उत्खनन भैइरहेको पथलैया खण्डमा । हातमै ज्ञापनपत्र वोकेका नेता हमालले खोलामा पुगेर ज्ञापनपत्र पढेर मात्र सुनाएनन् संघिय सरकार ले अविलम्ब यो विषयमा ध्यान दिन अनुरोध समेत गरे ।

अघिल्लो पटकको आइ ईई रिपोर्ट अनुसार १ लाख १२ हजार ५ सय उत्तखनन गर्न सक्ने निर्धारण गरिएतापनी ७ गुणा बढी उत्खनन भएको तथ्यांक प्रस्तुत गरेपछि मन्त्री बस्नेतले सरोकारवालाहरुलाई उत्त्खनन रोक्न दवाव सिर्जना गर्ने प्रतिबद्धता जनाए ।

तत्कालीन समयको वनेको आईई रिपोर्टलाई आधार मान्ने हो भने उत्खननको लागि जुन स्वीकृति दिएको छ त्यस्को ७ गुणा बढी उत्त्खनन गर्दा के अहिले भएको उत्त्खनन बैज्ञानिक छ त भन्ने प्रश्नहरु पनि उत्तिकै सिर्जना भएका छन् ।

यस्तै अमिल्दा बिषयहरुको नालीवेली सुनिसकेपछी मन्त्री बस्नेतले संघिय सरकारवाट समेत प्रयास गर्ने प्रतिबद्धता जनाए ।

रातु नदिको उत्खनन कै कारण खानेपानी र भुमिगत पानीमा समस्या वन्दै गएको बिज्ञप्तिमा उल्लेख गर्दै चुरे संरक्षणमा जोडदार माग गरिएको थियो ।

उत्तखनन कै कारण नियमित वालीनालीवाट विस्थापित वनेका स्थानियहरुको चरम समस्याको ध्यानाकर्षण गराउदै जब राजनिती दलका प्रतिनिधिहरुले हतहालतमा उत्त्खनन रोक्नुपर्ने माग राखे तब मन्त्री बस्नेतले खोलावाट नै के उदघोष गरे भने सिंचाई र खानेपानीमा उत्त्खनन कै कारण अवरोध नहुने आश्वासन व्यक्त गरे ।

यसअघि राजनिती दलहरुले शुक्रवार नै एक बिज्ञप्ति जारी गर्दै रातु नदीमा भएको उत्त्खनन पूर्णतः अबैज्ञानिक र अव्यवहारिक भएको भन्दै नगर लाई उक्त उत्त्खनन रोक्न जोडदार माग गरेका थिए ।

पर्यावरण विनासमा नगर पालिकाले पक्षपोषण गरेको निष्कर्ष निकाल्दै सक्रिय आठ राजनिती दलहरुले यसलाई जोगाउन थप संघर्षका कार्यक्रम घोषणा गरेका छन् ।

सरोकारवालाहरुलाई ज्ञापनपत्र बुझाउने देखि आवश्यक परे जनता सडकमा उतार्न समेत पछी नपर्ने उनिहरुको प्रतिबद्धता

*बाँकी पृष्ठ २ मा*

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा इाँढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षमययच को व्यवस्था ।

# अनि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री....

छ ।

अहिले भईरहको उत्खनन समेत अवैध छ ।

ढुंगा,गिटी, वालुवा उत्खनन्, बिक्रीवितरण तथा व्यवस्थापन सम्बन्धि ऐन २०७७ मा कुनैपनी ठेक्केदारले सुचना बोर्ड अनिवार्य राख्नुपर्ने व्यवस्था छ तर अहिले उत्त्खनन गरिरहेको ठेक्केदार कम्पनीले कुनै पनि सुचना वा जानकारी राखेको छैन बरु मनलागी ढंगले उत्त्खनन गरि ऐन, नियमको नै धज्जी उडाएको देखिएको छ ।

ठेक्का लगाउने प्रक्रियामा स्थानिय सरकारले आफुहरुलाई कुनै जानकारी नगराएको र मनोमानी ढंगले उत्तखनन गरेको भन्दै सरोकारवालाहरुले आपत्ती समेत जनाएका हुन । राजेश एण्ड बदर्श निर्माण तथा सप्लायर्स भिमेस्वरले नगरसगँ ठेक्का सम्झौता गरेसगैं ३ दिनदेखी पत्लैया खण्डमा उत्तखनन भैइरहेको छ ।

यो बिषयमा जिल्ला समन्वय समिती महोत्तरीले पनि अनविज्ञता जनायो । जिल्ला समन्वय समिती महोत्तरीका सभापति सुमनलाल कर्णका अनुसार कार्यालयमा नगरले कुनै जानकारी गराएको छैन ।

'नगरपालिकाले मनोमानी गरेको देखिएको छ। प्रक्रियागत ढंगले उत्तखनन गर्दा हामीलाई कुनै आपत्ती छैन ।' सभापती कर्णले भने । 'हामीले नगरलाई पत्राचार समेत गरिसकेका छौ।' यसैगरी उत्तखनन गर्ने क्रममा सम्झौता र मापदण्ड विपरित भएको भन्दै प्रश्न चिन्ह समेत खडा गरिएको छ । स्थानिय निरोज अधिकारीका अनुसार ३ फिट मात्र उत्तखनन् गर्न पाईने प्रावधान भएतापनि ५ फिटभन्दा गहिरा खाल्डा खनिएका छन् । अघिल्लो पटक यसै खण्डवाट उत्खनन् गर्दा ठेक्केदार कम्पनी दिव्यांशु बिल्डर्स प्रा.लिले सम्झौता भन्दा २ लाख ९९ हजार ८ सय ४५ घनमिटर बढी उत्तखनन गरेको प्राविधिक नापजाँच उपसमितिले निष्कर्ष निकालेको थियो ।

नगरले गरेको उत्तखनन्को विषयमा चुरे पत्रकार समाजले समेत आपत्ती जनाएको छ । पत्रकार समाजका अध्यक्ष अनिल कुमार कर्णले जनप्रतिनिधिहरु प्रभावमा परेर उत्खनन् अगाडि बढाएको हुन सक्ने वताए ।

यता जिल्ला प्रशासन कार्यालयले पनि ठेक्का लगाएको विषयमा अनविज्ञता जनाएको छ। 'हामी अनुगमन समितिको सदस्य रहने व्यवस्था छ तर हामीलाई केहीपनी जानकारी छैन ।' सहायक जिल्ला प्रशासन कार्यालय प्रमुख उपेन्द्र न्यौपानेले भने ।

किन रातु नदिका ठेक्का लगाएका खण्डहरु विवादित छन् ?

अघिल्लो पटक अर्थात आर्थिक बर्ष २०७७/७८ मा लगाएको ठेक्का कै कारण अहिले ठेक्का लगाएका खण्डहरु विवादित छन् ।

वातावरणीय प्रभाव मूल्यांकनअनुसार २०७८ सालमा रातु नदीका किसाननगर, पतलैया, जुरेटोल र फूलवारी टोल खण्ड गरि ४ खण्डबाट १ लाख २१ हजार ५०० घनमिटर नदीजन्य वस्तु उत्खनन गर्ने सम्झौता भएको थियो ।

तर, नापजाँच उपसमितिको प्रतिवेदनअनुसार उत्खनन गर्ने जिम्मा पाएको उद्योग पञ्च-धुरामाई सप्लायर्सले किसाननगर खण्डबाट सम्झौताभन्दा १ लाख ३० हजार २० घनमिटर र जुरेटोल खण्डबाट १ लाख ६३ हजार ९६५ घनमिटर बढी उत्खनन गरेको थियो ।

यसैगरी, शिवम् कन्स्ट्रक्सन प्रा.लि.ले फूलबारी खण्डबाट सम्झौतामा उल्लेख गरेभन्दा १ लाख ७२ हजार ३६० घनमिटर र दिव्यांशु बिल्डर्स प्रा.लि.ले पथलैया खण्डबाट सम्झौता गरेभन्दा २ लाख ९९ हजार ८४५ घनमिटर उत्खनन् गरेको छ ।पञ्चधुरामाई सप्लायर्सले किसाननगर खण्डको २ करोड ७५ लाख रुपैयाँभन्दा बढी राजस्व तिर्न बाँकी छ भने जुरेटोल खण्डको २ करोड ६१ लाख रुपैयाँ राजस्व नगरलाई दिन बाँकी छ ।

शिवम् कन्स्ट्रक्सनले २ करोड ७५ लाख र दिव्यांशु बिल्डर्सले ४ करोड ७८ लाख रुपैयाँ दिन बाँकी देखिएको छ । हरेक खण्डबाट ४ दशमलव ५२ रुपैयाँ प्रतिघनमिटर राजस्व निर्धारण गरिएको थियो ।

ढुंगा, गिटी, बालुवा बिक्री-वितरण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७७ को समेत धज्जी उडाउँदै उत्खनन भएपछि २५ जेठमा अख्तियार दुरुपयोग आयोगमा उजुरी परेको थियो । जनकपुर उच्च अदालतमा उक्त मुद्दा विचाराधिन रहेकै अवस्थामा नगरले लगाएको ठेक्काको वैधतामाथी नै प्रश्न चिन्ह खडा भएका छन् ।

# पूर्वपश्चिम ब्रोडगेज रेल ......

गरेको उहाँले बताउनुभयो ।

पूर्वपश्चिम रेल मार्गको अवधारणामा सन् २००८ देखि सुरु भए पनि डिपिआर, मुआब्जा समस्या र प्राविधिक कारणले यसअघि कामले गति लिन सकेको थिएन। विवाद समाधानपछि निर्माण कार्यले अपेक्षित गतिमा अगाडि बढेको छ। त्यस्तै मुआब्जा विवाद र जग्गा अधिग्रहणका कारण महोत्तरीको बिजलपुरामा आएर अड्केको जयनगर-जनकपुर-बर्दीबास रेलवेको काम पनि अगाडि बढेको छ ।

यस खण्डका इन्जिनियर विनोद ओझाका अनुसार अहिले नेपाल-भारत ज्वाइन्ट सर्भेले बिजलपुरा-बर्दीबास १७ किमी खण्डमा जग्गा छुट्याउने र अधिग्रहणको काम सुरु गरेको छ। निर्माणको चरणमा यो सबैभन्दा जटिल काम हो । भारतीय सहयोगमा बन्ने यस खण्डमा पुलपुलेसादेखि माटो भर्ने कार्य पनि सुरु गरिएको उहाँले जनाउनुभयो।

"आगामी तीन वर्षभित्र बर्दीबाससम्म रेल सेवा सञ्चालन गरिसक्ने लक्ष्यसहित भारतीय पक्षले यस खण्डको टेन्डर प्रक्रिया पनि पूरा गरिसकेको छ," ओझाले भन्नुभयो, "कामले गति लिएको छ ।

यही गतिमा काम अघि बढ्दै गए निर्धारित समयभित्र बर्दीबाससम्म रेल गुड्नेमा हामी आशावादी छौं ।"

# अयोध्याको राममन्दिरमा ...

बताए ।

उनले जनकपुरधामबाट जलेश्वर नाथबाट हुलाकी सडक हुँदै मलंगवा (बलारा) बाट सिम्रौनगढ हुँदै गढीमाइ हुँदै वीरगञ्जमा रात्री विश्राम गर्ने योजना रहेको बताए । भोली पल्ट ८ बजे यात्रा प्रारम्भ हुने र वीरगञ्जको जानकी नगर गेट हुँदै बेतिया कुशी नगर सिद्धार्थ नगर हुँदै गोरखपुर अयोध्यामा पुगेर रात्री विश्राम गर्ने कार्यक्रम रहेको उत्तराधिकारी महन्थ रोशनले जानकारी दिए । अध्योध्या पुगेको भोली पल्ट ६ तारिखको ९ बजे विधिवत राम जन्मभूमि राममन्दिर ट्रष्टलाई सम्पूर्ण भार हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।

जनवरी २२ तारिखमा भारतको अयोध्यामा निर्माण गरिएको नयाँ मन्दिरमा भगवान रामको प्रतिमाको पाण प्रतिष्ठा हुने कार्यक्रम रहेको छ ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५,
९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपुरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसमै धान पाउन मुस्किल

**खबर दर्पण समाचारदाता**
**पुस ७ गते, महेन्द्रनगर**

विगत वर्षमा सधैं खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई धान बिक्री गर्दै आउनुभएका विन्देश्वर मण्डलले यस वर्ष धान बिक्री गर्ने पक्षमा हुनुहुन्न । सरकारले नै धानको उचित मूल्य नदिएपछि सिरहाको लहान नगरपालिका-४ का मण्डल विकल्प खोज्न बाध्य भएको बताउनुहुन्छ । मङ्सिर नलाग्दै चहलपहल हुने र लक्ष्यभन्दा बढी नै धान खरिद गर्ने प्रस्ताव आउने हुँदा सो कम्पनीलाई व्यवस्थापन गर्नै हम्मेहम्मे हुन्थ्यो । तर उहाँजस्ता पुराना किसान मात्र होइन, नयाँ किसानले पनि कम्पनीलाई धान बिक्री गर्न नखोजेपछि यसपटक भने पुस लागिसक्दासमेत मधेस प्रदेशअन्तर्गत जनकपुरधाम, लहान र वीरगञ्जमा रहेका कार्यालय सुनसान छन् ।

मण्डल भन्नुहुन्छ, "एकातिर पहिलेको जस्तो धान उत्पादन नै भएन । अर्कोतिर सरकारले नै बजारमा पाइने मूल्यभन्दा चार /पाँच सय कममा धान खरिदको सूचना गयो । त्यसैले आफूसँग भएको धान पनि व्यापारीलाई बेचिसकेको छु । अरु किसानले पनि यस्तै गरिरहेका छन् ।" अत्यावश्यक खाद्य वस्तु सङ्कलन र वितरण गर्ने खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई अघिल्ला वर्षमा मुलुकका अरु क्षेत्रमा जस्तै मधेस प्रदेशमा धान बेच्न किसानहरुले निकै मेहनत गर्नुपर्थ्यो ।

मण्डलले मात्रै होइन, अघिल्ला वर्षहरुमा खाद्यका तीनवटै कार्यालय क्षेत्रमा रहेका किसानले गत वर्ष धान किनिदिन आग्रह गर्दा पनि समयमा कुनै जवाफ नै नदिने गरेकामा चालु आर्थिक वर्षमा भने सरकारबाटै उचित मूल्य नतोकिएपछि आफूले चासो नै नराखेको बताएका छन् । "अघिल्ला वर्षहरुमा हामीले चासो राख्दा पनि कुनै उत्तर पाइँदैनथ्यो । यसपटक भने कम्पनीले सम्पर्क गर्दा पनि मूल्य कम भएकाले किसानहरुले घाटा खाएर बेच्न जाने कुरा नै भएन", कृषक रामअवतार महराइनले भन्नुभयो ।

गत वर्ष किसानको चाप धेरै भएपछिको दबाब व्यवस्थानमै समय गुजारेको प्रदेश कार्यालय जनकपुरधामले अन्तिममा एक हजार ३५ क्विन्टल मात्रै धान खरिद गर्न सफल भएको थियो । चालु आवमा व्यापक प्रचारप्रसार गरेर मङ्सिर २० गतेदेखि खरिद सुरु गरेको यस कार्यालयमा अहिलेसम्म किसानहरु धान बिक्रीका लागि सम्पर्कमा नआएका निमित्त प्रादेशिक प्रमुख गङ्गाप्रसाद साहले बताउनुभयो ।

उहाँले धेरै किसानलाई व्यक्तिगत रुपमा फोन र भेटेरै सम्पर्क गर्दा पनि सरकारले तोकेको मूल्यमा धान बिक्री गर्न नसकिने जवाफ दिने गरेको बताउनुभयो । "प्रचारप्रसार, भेटघाट, फोन सम्पर्कलगायत धेरै विधि प्रयोग गरेर किसानहरुलाई धान बिक्रीका लागि आउन आह्वान गरेका थियौँ । हामी तपाईँहरुकहाँ आएर किन्छौं भन्दा पनि अहिलेसम्म कसैले चासो राखेनन्", साहले भन्नुभयो,"उहाँहरुले व्यापारीहरुबाटै सरकारले तोकेको भन्दा बढी मूल्य पाएका कारण हामीलाई धान बेच्न नमानेको हुनसक्छ । यस विषयमा केन्द्रलाई जानकारी गराइसकेका छौं ।"

वीरगञ्जमा पनि यस्तै अवस्था छ। गत आवमा १४ हजार क्वीन्टल धान किनेको त्यहाँस्थित मुख्य शाखा कार्यालयले मङ्सिर २२ गते खरिद प्रक्रिया सुरु भइसक्दा पनि किसानहरु सम्पर्कमा नभएका कार्यालय प्रमुख पङ्कज झाले बताउनुभयो । गत वर्षहरुमा हाम्रो धान किनिदिनुपर्‍यो भनेर आउने गरेकामा यस वर्ष अनुरोध गर्दा पनि कोही पनि सम्पर्कमा नआएका देखेर आफू चकित भएको उहाँको भनाइ छ ।

त्यसैगरी मुख्य शाखा कार्यालय लहानले पनि सार्वजनिक सूचना जारी गरेर मङ्सिर १८ गतेदेखि नै सोना मन्सुली (मध्यम) र जिरा मसिनो (कतर्नी) धान खरिद सुरु हुने जानकारी दिएको थियो । हालसम्म पनि किसानहरु सम्पर्कमा नआएको लहान शाखा प्रमुख रवनकुमार यादवले बताउनुभयो । "अघिल्ला वर्षमा यतिबेला धान बिक्री गर्ने किसानको भीड थामिनसक्नु हुन्थ्यो । तोकिएको समयभन्दा अगाडि नै धान बोकेका ट्याक्टरसहित किसानहरु यहाँ लामबद्ध भइसक्थे । त्यसैलाई विचार गरी यसपटक भीडभाड रोक्न कार्यालय परिसरभन्दा बाहिर पनि आवश्यकताअनुसार खरिद केन्द्र खोल्ने निर्णय गरेका थियौं । तर हामीले धेरै प्रयास गर्दा समेत कोही आएनन् । गोदाम रित्तै छ", यादवले भन्नुभयो ।

चालु आवका लागि नेपाल सरकारले गत असार २६ गतेको मन्त्रिपरिषद् बैठकबाट धानको समर्थन मूल्य तोकेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा मोटा धानको मूल्य रु. तीन हजार एक सय ९८ र मध्यम धानको तीन हजार तीन सय ६२ तोकेको थियो । सोहीअनुसार मधेस प्रदेशमा सोना मन्सुली (मध्यम) को रु. तीन हजार तीन सय ६२ र जिरा मसिनो (कतर्नी) धानको मूल्य रु. चार हजार तोकेर खरिद प्रक्रिया सुरु गरिएको छ ।



### किन पाइएन मधेसमै धान ?

विगत वर्षहरुमा धान मिल व्यापारीहरुले सीमावर्ती भारतीय किसानबाट सस्तो मूल्यमै धान खरिद गर्दा नेपाली किसानहरुको उत्पादन प्राथमिकतामा थिएन । तर यो वर्ष भारतसँग धान खरिद गर्न त्यत्ति सजिलो छैन । त्यसैले नेपाली किसानहरुको उत्पादन बढी मूल्यमा किन्नुपर्ने अवस्था रहेको व्यापारीहरुले बताउने गरेका छन् ।

धान रोप्ने बेलामा आकासेपानी नपरेकाले धान उत्पादन घटेको, उत्पादित धानको लागतसमेत बढ्न गएको, अन्तर्राष्ट्रिय रुपमा भएको अशान्ति र विविध दबाबका कारण हरेक वस्तुको मूल्य बढेको तर सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको अवस्था विश्लेषण नगरी मूल्य तोकेकाले पनि समस्या भएको राष्ट्रिय कृषि समूह महासङ्घ मधेस प्रदेशका निवर्तमान अध्यक्ष मुक्ति यादवको भनाइ छ । "सरकारले नै किसानलाई उत्पादनको मूल्य तिर्न नमान्नु वा कम तिर्नु चिन्ताको विषय हो । व्यापारीहरुले नै सरकारभन्दा बढी मूल्यमा खरिद गर्न थालेपछि सरकारलाई नै बेच्नुपर्छ भन्ने बाध्यता छैन नि!", उहाँले भन्नुभयो,"धान रोप्ने बेला मलखाद, सिँचाइ सुविधा पनि नदिने र किन्ने बेलामा कम मूल्यमै पाए हुन्थ्यो भन्ने सोचाइ नै गलत छ ।"

उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले परम्परागत कृषि खेती प्रणाली, सरकारको उपेक्षालगायत कारणले कृषि उपजको उत्पादन निरन्तर घट्दै गएको तर सरकारले किसानको पीडा सम्बोधन गर्न नसक्दा समस्या भइरहेको बताउनुभयो । उहाँले व्यापारीले सरकारभन्दा बढी नै मूल्य दिन तयार भएकाले खाद्य गोदाम रित्तो हुने अवस्था आएको हुनसक्ने बताउनुभयो । "किसानले मूल्य बढी वा कम पायो भन्ने विषय त छँदैछ । तर मधेसमा किसानहरुले भोगिरहेका समस्याहरु निराकरण गर्ने र उत्पादन बढाउने विषयमा सरकारको भूमिका चर्चाको विषय हो । धान रोप्ने समयमा मधेस सुख्खाग्रस्त क्षेत्र भएर यहाँका किसानले भोगेको समस्या सबैलाई थाहा छ। त्यो बेला सुख्खाग्रस्त क्षेत्र घोषणा गरेर राहत दिने कुरा पनि हल्ला मात्रै भयो । उल्टै समस्याग्रस्त यहाँका किसानहरुलाई उचित मूल्य तिर्न कन्जुस्याइँ गरेपछि खुला बजार व्यवस्थामा जहाँ मूल्य बढी पायो त्यहीँ जाने हो नि ", टेमानीले गुनासो गर्नुभयो ।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले खाद्यले धान नपाउनु सरकारले तोकेको मूल्य कम भएर हो वा अन्य कारणले भनेर अध्ययन आवश्यक रहेको बताउनुभयो । "साना किसान आफैँले खाद्य कहाँ गएर बेच्नेभन्दा पनि गाउँघरमै धान सङ्कलन गर्ने साना कृषक व्यापारीमार्फत खरिद बिक्री हुने गरेको हामीले सुनेका छौं । उनीहरुले राम्रो मूल्य दिने ठूला व्यापारीहरु नपाएमा मात्रै सरकारका निकाय खोज्ने प्रचलन छ । यो वर्ष व्यापारीहरुले नै बढी मूल्य दिन तयार हुनु भनेको खोजीको विषय हुनसक्छ", प्रवक्ता मेहताले भन्नुभयो ।

### राष्ट्रियरुपमा पर्ने प्रभाव

सरकारले खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्नेलगायत उद्देश्य पूर्तिका लागि देशमा उत्पन्न हुनसक्ने खाद्य सङ्कटको बेला प्रयोग गर्न अत्यावश्यक खाद्य वस्तुको मौज्दात (बफर स्टक) राख्ने र मूल्य स्थिरीकरण तथा व्यावसायिक प्रयोजनका लागि खाद्य तथा अन्य वस्तुहरु खरिद गर्ने रणनीतिअनुसार कम्पनीमार्फत काम गरिरहेको छ । त्यसैगरी देशका खाद्य सङ्कटग्रत क्षेत्र र विपन्न जनताको खाद्य सुरक्षाका लागि वितरण प्रणालीलाई सुदृढ गर्दै आवश्यक खाद्यवस्तुको बिक्री वितरण वा आपूर्तिको काम पनि गर्दै आएको छ ।

मधेसजस्ता अन्नभण्डार भनिएका क्षेत्रबाटै पर्याप्त धान खरिद गर्न नसक्दा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने कम्पनीको उद्देश्य नै प्रभावित हुनसक्ने राष्ट्रिय कृषि समूह महासङ्घ मधेस प्रदेशका निवर्तमान अध्यक्ष यादवको भनाइ छ । आगामी दशकमा निम्तिन सक्ने खाद्य सङ्कट सामना गर्न मधेसको उर्वर भूमिबाट अधिकतम लाभ लिने रणनीतिका साथ कृषिको उत्पादन र उत्पादकत्व वृद्धिमा लाग्न जरुरी रहेको यादवको सुझाव छ ।

उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश अध्यक्ष टेमानी देशकै अन्नभण्डारका रुपमा रहेको मधेस प्रदेशमा नै खाद्यलाई धान नपाइनु खाद्य सङ्कटको विकराल अवस्थाको पूर्वसङ्केत हो भन्नुहुन्छ। "अहिले उसै पनि किसानहरु पलायन हुँदैछन् । दुःखजिलो गरेर कृषिकर्म गरिरहेकाहरु उत्प्रेरित गनसक्नुपर्छ । उत्पादन सुरुदेखि नै सरकारले किसानको सुखदुःखसँग जोडिनुपर्छ ।

परम्परागत कृषि नीति र परम्परागत निर्वाहमुखी खेती प्रणाली बदल्न गम्भीरतापूर्वक नलाग्ने हो भने खाद्य सङ्कटको भयावह अवस्था सामना गर्नुपर्नेछ", अध्यक्ष टेमानीले ध्यानाकर्षण गराउनुभयो ।

अन्न भण्डारका रुपमा रहेको मधेसमै सरकारले धान नपाउनुका कारणबारे अध्ययन गरी समस्याको पहिचान र त्यसको समाधानका लागि पहल गर्नुपर्नेमा सरकारवालाको जोड छ । -रासस

## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिंचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत ( जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

## भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी फोन नं. ०४४-५२०४५४

# जसपाको उपनेतामा मनिष सुमन

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, बर्दिवास**



जनता समाजवादी पार्टी मधेश प्रदेशको प्रदेशसभा संसदीय दलको उपनेतामा मनिष सुमन चयन भएका छन् । जसपाका नेता एवम् मधेश प्रदशेका मुख्यमन्त्री सरोजकुमार यादवको निवासमा जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा शुक्रवार बसेको संसदीय दलको बैठकले सुमनलाई उपनेतामा चयन गरेको हो ।

जसपाका कार्यकारिणी सदस्य एवं प्रवक्ता समेत रहेका सुमन प्रदेश सभामा समानुपातिक सदस्य छन् । नेपाल सद्भावना पार्टीबाट राजनीति यात्रा सुरु गरेका सुमन राजपा हुँदै जसपासम्म पुगेका हुन् । उनले २०७४ को चुनावमा सप्तरीबाट प्रदेशसभा सदस्यका लागि चुनाव जितेका थिए । २०७९ मा उनी समानुपातिकबाट प्रदेशसभामा प्रवेश गरेका हुन् ।

# महोत्तरीको मरहा खोलामा सालनालसहित मृत शिशु फेला

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, बर्दिवास**



महोत्तरीको सोनामा गाउँपालिका-३ स्थित मरहा खोलाबाट सालनालसहित फालिएको मृत शिशु फेला परेको छ ।

इलाका प्रहरी कार्यालय गौशालाबाट प्रहरी निरीक्षक नेतृत्वको टोलीले मृत अवस्थामा शिशु फेला पारेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी दिलीपकुमार गिरीले जानकारी दिए । उनका अनुसार घटनास्थलमा पुगेको प्रहरी टोलीले मुचुल्का गरी मृत शिशुको पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ ।

नवजात शिशु कसले फालेको भन्नेबारे अनुसन्धान भइरहेको गिरीले बताए ।

# जानकी एकेडेमीक हस्पिटलको दोश्रो वार्षिकोत्सवमा स्वास्थ्यकर्मीसंग अन्तरक्रिया



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस ७ गते, महोत्तरी**

महोत्तरीको ग्रामिण भेगकै सबैभन्दा ठूलो सुविधासम्पन्न जानकी एकेडेमीक हस्पिटलले दोस्रो वार्षिकोत्सव दुईदिवसीय रुपमा विभिन्न कार्यक्रम गरी मनाउँदै छ । शनिबार हस्पिटलले दोस्रो स्थापना दिवसको अवसर मा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुसंग अन्तरक्रिया गरेको छ ।

त्यस क्षेत्रका नजिकका विभिन्न पालिकाका स्वास्थ्य शाखा संयोजक, एच.ए., सिएमऐ र स्वास्थ्य स्वयमसेविकाहरुसंग हस्पिटलले अन्तरक्रिया गरेको हो । हस्पिटलका संचालक समेत रहेका पूर्व स्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादवको अध्यक्षता तथा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला मधेश प्रदेशका प्रमुख डा. श्रवण कुमार मिश्रको प्रमुख आतिथ्यमा भएको अन्तर क्रिया भएको हो ।

अन्तरक्रियामा वक्ताहरुले ग्रामिण भेगमा व्यवसायसंगसंगै सेवाभावले डा. यादवले संचालन गरेको यो हस्पिटलले थुप्रै अकास्मिक एवं गम्भीर प्रकृतिका बिरामीको ज्यान बचाउने गरेको बताएका छन् । ग्रामिण भेगको यो हस्पिटलले गरिब विपन्नसहित स्थानीय बिर मीलाई टाढा जनकपुर, बर्दिबास लगायत ठाउँमा पुग्नु पर्ने बाध्यताको अन्त्य गरेको भन्दै वक्ताहरुले प्रसंशा गरेका थिए ।

कार्यक्रममा जलेश्वर अस्पतालका प्रमुख डा. मुरारी ठाकुर, सोनमा गाउँपालिकाका पूर्व अध्यक्ष राजकुमार यादव, जानकी हेल्थकेयरका ईन्चार्ज हरिश्चन्द्र यादव, जानकी ऐकेडेमीक हस्पिटलका ईन्चार्ज संजयकुमार यादव, ल्याब ईन्चार्ज विरेन्द्रकुमार झा लगायत विभिन्न पालिकाका स्वास्थ्य शाखा संयोजकहरुले शुभकामना मन्तव्य राखेका थिए ।हस्पिटलले आइतबार स्थानीय पालिकाहरुका जनप्रतिनिधिसंग अन्तरक्रिया कार्यक्रम राखेका छन् ।

# सिद्धार्थ शिशुलाई टी-२० क्रिकेट उपाधि



**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा भएको अन्तर विद्यालय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि सिद्धार्थ शिशु सदनले जितेको छ । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन धनुषाको आयोजनामा जनकपुरधाम स्थित रामजानकी खेल मैदानमा शनिबार सिद्धार्थ शिशु सदन र मिट स्कुल बिच भएको फाइनल खेलमा एक रनको अन्तरले सिद्धार्थ शिशु सदनले जित हात पार्न सफल भएको हो । टस जितेर पहिलो ब्याटिङ्ग गरेको सिद्धार्थ शिशु सदनले १९.४ बल खेल्दै सबै विकेटको क्षतिमा १२७ बनाएको थियो ।


सिद्धार्थ शिशु सदनको तर्फ बाट केशव साहले ५१ बलमा सर्वाधिक ३६ रनको योगदान गरेका थिए । १२८ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रेका मिट स्कुलले तिन विकेटको क्षतिमा पुरा ओभर खेल्दै १२६ रन बनाउन सफल भएको थियो ।

प्रतियोगितामा वेस्ट बलरको उपाधि मदरटेरेशा विद्यालयका किशन साहलाई, वेस्ट ब्याट्सम्यानको उपाधि एरे इन्टर नेशनलका सोहैल राइन, प्रतियोगितामा ११४ रन बनाएका प्रतियोगिताको उत्कृष्ट खेलाडी सिद्धार्थ शिशु सदनका मुकेश यादव र उदयमा खेलाडीको उपाधि एरे इन्टरनेशनलका युवराज साहलाई प्रदान गरियो । उपाधि प्राप्त गर्ने टिम र खेलाडीलाई मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल र जनकपुरधाम उपमहानगर पालिकाका नगरप्रमुख मनोज साहले शिल्ड तथा मेडल प्रदान गर्नुभएको थियो ।


ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा